## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: २ -२०८३/०८४

मिति २०८३/०४/२६ | समय: दिनको ०५:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री प्रधुब्न कुमार खड्का | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

| | |
|---|---|
| श्री हेमनाथ लामिछाने | शिक्षा अधिकृत |
| श्री गोविन्द प्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत |
| शरद न्यौपाने | लेखा अधिकृत |
| जीवन गुरुङ | जिन्सी शाखा प्रमुख |
| निर्मला गुरुङ | कार्यालय सहयोगी |

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८३/०४/२६** **वैठक संख्या: ०२-२०८३/०८४**

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा।
२. उपभोक्ता समितिबाट सम्पन्न भएका सबै योजनाहरु भाद्र भित्र उपभोक्ताहरुलाई हस्तान्तरण गर्ने सम्बन्धमा।
३. आन्तरिक स्रोतमा नियुक्त बाल विकास केन्द्रका सहजकर्ता सम्बन्धमा।
४. आन्तरिक राजश्व कार्यालयका सेवाहरु पालिकामार्फत सञ्चालन गर्ने सम्बन्धमा।
५. गणकको करार सम्झौता स्वीकृत तथा पारिश्रमिक भुक्तानी सम्बन्धमा।
६. मर्मत खर्च सम्बन्धमा।
७. आर्थिक सहायता सम्बन्धमा।
८. सडक हेरालुको पारिश्रमिक सम्बन्धमा।
९. फोहोरमैला व्यवस्थापनको सिलबन्दी दरभाउको सूचना सम्बन्धमा
१०. देवघाट गाउँपालिकाको खरिद नियमावली २०७७ सम्बन्धमा।
११. विविध।

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अघिका गाउँ कार्यपालिकाको बैठकहरुको निर्णय समीक्षा गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा आ.व. २०८२/०८३ मा उपभोक्ता समितिबाट सम्पन्न योजनाहरु सम्बन्धित उपभोक्ता समूहलाई २०८३ साल भाद्र मसान्तसम्म हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा देवघाट गाउँपालिकाको आन्तरिक स्रोतबाट नियुक्ति भएका तपसिल बमोजिमका सामुदायिक विद्यालयका बालविकास केन्द्रमा नियुक्ती भएका ११ जना वाल विकास सहजकर्ताहरुको २०८३ साल श्रावण महिनाको पारिश्रमिक भुक्तानी गरी भाद्र १ गते देखि म्याद थप नगर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | नाम थर | कैफियत |
|---|---|---|---|
| १ | श्री मुकुन्देश्वरी आ.वि., देवघाट-५ | श्री गौमाया गुरुङ | |
| २ | श्री कालिगंगा मा.वि.,देवघाट-२ | श्री खेममाया मल्ल | |
| ३ | श्री पार्वती मा.वि.,देवघाट-१ | श्री लक्ष्मी वि.क. | |
| ४ | श्री भृकुटी मा.वि., देवघाट-३ | श्री एकमाया गर्जा | |
| ५ | श्री लक्ष्मी आ.वि., देवघाट-२ | श्री लक्ष्मी आले मगर | |
| ६ | श्री साउने बालविकास केन्द्र, देवघाट-५ | श्री निसा थापा | |
| ७ | श्री राष्ट्रिय मा.वि., देवघाट-४ | - | विज्ञापन भएको पदपूर्ति नगर्ने |

निल वहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ८ | श्री चेतना आ.वि., देवघाट-१ | वृन्दा बहादुर भुजेल | |
| ९ | श्री पाखाटोल बालविकास केन्द्र, देवघाट-१ | सुमिना गुरुङ | |
| १० | श्री बर्षाखोला बालविकास केन्द्र , देवघाट-१ | आस कुमारी गुरुङ | |
| ११ | श्री इन्द्रदेवी बालविकास केन्द्र, देवघाट-४ | नबिसा गुरुङ | |

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा देवघाट गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुको माग बमोजिम आन्तरिक राजस्व कार्यालयबाट सेवा प्रदान गर्दै आएका, स्थायी लेखा नं. दर्ता, नवीकरण, कर चुक्ता अन्त शूल्क लगायतका सेवाहरु गाउँपालिका कार्यालयबाट आन्तरिक राजस्व कार्यालय समन्वय गरी सेवा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशनको लागि वडा नं. ४ मा बाँकी रहेको घरधुरी सर्वेक्षण कार्यको लागि ४ नं. वडा समितिको निर्णय बमोजिम पेश हुन आएको श्री सुर्य कुमारी गुरुङलाई गणकको रुपमा करार सम्झौताको लागि स्वीकृति दिने निर्णय गरियो । साथै निजको पारिश्रमिक बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम बजेट शीर्षकबाट भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा देवघाट गाउँपालिका वा अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुले सरकारी तथा निजी मोटरसाईकल/स्कुटर प्रयोग गरेबापत उक्त सवारी साधनको मर्मत वापत मासिक रु १०००।– (अक्षरुपी एक हजार रुपैया मात्र) का दरले मर्मत खर्च उपलब्ध गराउने र जनप्रतिनिधिको वाईक मर्मत संझौता गरेको स्थानबाट मर्मत गराउने निर्णय गरियो ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा देहाय बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

देहायः

क) भलिवल खेलाडी कृति शाही, देवघाट-५ लाई : रु. १०,०००/- (पोषण वापत)

ख) चन्द्र बहादुर गुरुङ, देवघाट – १ : रु १०,००० (क्षतिपूर्ति वापत)

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा देवघाट गाउँपालिका तथा वडा स्थित वर्षातको समयमा अत्याधिक वर्षाबाट हुन सक्ने विभिन्न सडकको क्षतीलाई दृष्टीगत गरी सडकको सरसफाइ कार्यको लागि वडा कार्यालयबाट नियुक्ती भएका सडक हेरालुहरुलाई पारिश्रमिक वापत जनही मासिक रु १६५००।– का दरले उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ का का सम्बन्धमा देवघाट गाउँपालिका ५ नं. वडा क्षेत्रबाट संकलन गरी ल्याण्ड फिल्ड साइटको फोहोर बस्तु बिक्री तथा व्यवस्थापन कार्यको लागि न्यूनतम रु ५०,०००।– (अक्षरुपी पचास हजार मात्र ।-) मा बढीबढाउ हुनेगरी शिलबन्दी दरभाउपत्र आह्वानको लागि सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १०:** प्रस्ताव नं. १० का सम्बन्धमा देवघाट गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ (संशोधन सहित) मा रहेका कतिपय व्यवस्थाहरु सार्वजनिक खरिद नियमावली २०६४ (संघीय कानून) सँग बाझिएको हुँदा देवघाट गाउँपालिकाले वनाएको सार्वजनिक खरिद नियमावली २०७७ संशोधन वा मूल रुपमा स्वीकृत नहुँदा सम्म हाल प्रचलनमा रहेको संघीय कानून सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम खरिद सम्बन्धी कार्य गर्न गाउँ कार्यपालिकाको कार्यलयलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ का सम्बन्धमा देहाय बमोजिमको विविध निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो।

क. चाँपखोला, क्वादी खोला, कोठीघाट,गाईघाट, भुवनटार घाट,सेती भतेरीघाट, वगई घाटको IEE प्रतिस्पर्धाबाट गर्ने निर्णय गरियो।

ख. देवघाट गाउँपालिका वडा नं. ३ नाल्वुङ बस्ने गंगा सिं वि.क को निवेदन अनुसार निज गंगा सिं वि.क जिल्ला नवलपरासी (व.सु.पू) गैंडाकोट न.पा- ७ मा अव्यवस्थित बसोवासिको रुपमा पनि बसी आएकोले देवघाट ३ नाल्वुङ र गैडाकोट न.पा वडा नं. ७ दुबै स्थानमा अव्यवस्थित बसोवास गरेको हुँदा निज गंगा सिं वि. क दुवै स्थानमा बसोबास गरेको भनी गैडाकोट नगरपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष

CamScanner